परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक
वर्ष : ३ अंक : ५१ पृष्ठ ४ २०८१ मंसिर २५ गते, मंगलबार 10-December, 2024 मूल्य रु. ५/-

9854020595
9801620595
कान्तिपुर फ्लेक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लेक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# एसिया र विश्वकप यो हातले उचाल्नु छ : कप्तान महतो



• टक नेपाल

युु-१९ नेपाली महिला क्रिकेट टोलीकी कप्तान पूजा महतोले आसन्न एसियाकप र विश्वकप जित्नु अहिलेको अर्जुनदृष्टि भएको बताउनुभएको छ । युएईमा सम्पन्न दुईवटै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको छनोट प्रतिस्पर्धा जितेर गृह जिल्ला महोत्तरी आउनुभएकी १८ वर्षीया पूजाले राससस‌ँगको सङ्क्षिप्त कुराकानीमा मुलुक फर्कंदा सबै क्षेत्रबाट पाएको सम्मानले हर्षविभोर बनाउनुका साथै थप दायित्वबोध बढाएको बताउनुभयो । पछिल्लो समय खेलप्रति आम रुपमा जागेको चासो र विश्वासले नेपाली खेल जगतले अबका दिनमा झन् झन् सफलताको सिँढी चढ्ने उहाँको विश्वास छ । प्रस्तुत छ, कप्तान महतोको महोत्तरीको गौशाला-९ डुमरवानास्थित घरमै क्रिकेटमा उहाँको लगाव र भविष्यका बारेमा रासस जिल्ला संवाददाता गोपाल बराललले गर्नुभएको सङ्क्षिप्त कुराकानीको सम्पादित अंश :

***युएईबाट छनोट प्रतिस्पर्धा जितेर फर्केदेखि तपाईंलाई सम्मान र पुरस्कार लिन भ्याइनभ्याइ परेको छ । यसमा कस्तो महसुस गर्नुभएको छ ?***

युएईबाट छनोट प्रतिस्पर्धा जित्न सक्दा म निकै हर्षविभोर छु । छनोट प्रतिस्पर्धाको जितले नै यहाँ कति उत्साह दिएको रहेछ भन्ने त मप्रति दर्साइएको स्नेह र सम्मानले नै देखाएको छ । यहाँ आइपुग्नासाथ मधेस प्रदेश सरकार, स्थानीय तहहरु, विभिन्न राजनीतिक दल, सामाजिक सङ्घसंस्था , खेलकुद जगत् र आम सर्वसाधारणबाट पाएको स्नेह र सम्मानले अबका दिनमा अझ राम्ररी अघि बढ्न हौसला र ऊर्जा दिएको छ । खेलप्रति र खासमा क्रिकेटप्रति बढेको यो चासोले अबका दिन खेलका लागि राम्रो समय आउला भन्ने आशा जागेको छ ।

»» बाँकी पृष्ठ ४ मा

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्कः- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

# दुर्गम क्षेत्रमा मेयरको दृष्टि प्राथमिकतामा पर्यो बिकासका काम

• निकेश खनाल




बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्री आईतवार बिहानैदेखी नागरिकको समस्या समाधानकालागी बर्दिवास नगर पालिकाको वडानम्बर १० र ११ मा पुगे महोत्तरी जिल्लाकै अतिदुर्गम क्षेत्रको रूपमा चिनिएको बर्दिवास नगरपालिकाको १० र ११ नम्बर वडामा पुगेर उनले बर्थिङ्ग सेन्टर,खयरमारा खानेपानी आयोजना,खयरमाराको श्री सरस्वती मा.बि,यज्ञ कुमारी राउतको घरको आगलागि,छोड्के स्थित श्री राष्ट्रिय मा बि,खयर मारा,छोड्के मरीन सडकको निर्माण र स्तरोन्नतीको अबलोकन भ्रमण गरेका छन । अबलोकनका क्रममा मेयर क्षेत्रीले आफ्नो कार्यकालभर जनताले नगरपालिकामा भ्रष्टाचारीको सिकार हुनुपरेको अवस्था आउन नदिन प्रतिबद्धता जनाए । उनले नेताको व्यक्तित्व रतिनले गर्ने काम र देखाउने व्यवहारलाई आधार बनाएरै जनताले आफुलाई निर्वाचित गरेको बताए। मेयर क्षेत्रीले अहिले बर्दिवासको बिकासकालागी संघिय सरकारले दिनेगरेको बजेट प्रयाप्त नभएकोले सबै बिकासको कामलाई एकैसाथ अघि बडाउन नसकिएको जनाए उनले भने, नगरको सिमित श्रोत र साधनलाई सकेसम्म बढी परिचालन गरेर कामगर्नु पर्ने बाध्यता छ। त्यसै भित्र रहेर अति बिकट र दुर्गम क्षेत्रलाई सकेसम्म बढी प्राथमिकता दिएका छौ ।

### खयरमारा बर्थिङ्ग सेन्टर

महोत्तरीको बर्दिवास नगरपालिका १० स्थित खयरमारा बर्थिङ्ग सेन्टरमा सेवाग्राहीहरूलाई मार्का नपर्ने गरी कामकाज गर्न मेयर क्षेत्रीले निर्देशन दिएका छन। जिल्लाको अति दुर्गम स्थान छोड्के झ्याउरे भाङ्गरेका नागरिकलाई समेत सेवा प्रवाह गर्ने यो बर्थिङ्ग सेन्टरमा आवश्यक उपकरण र स्वास्थ्य कर्मीको अभाब हुन नदिई २४ सै घण्टा सेवा प्रवाह गर्नेगरी कामगरिएको क्षेत्रीले बताए। उनले स्वास्थ्य जस्तो अति संवेदनशील संस्थामा औषधीको अभाव र उपकरणहरू काम नलाग्ने अवस्थामा भए त्यसलाई तुरुन्त मर्मतगरी सेवा सुचारु राख्न निर्देशन दिए । क्षेत्रीले सुत्केरी गराउन आउने महिलाहरू नीजि क्लिनिकममा धाउनु पर्ने बाध्यताको अन्त्य गर्नेगरी कामगर्न समेत स्वास्थ्यकर्मीलाई निर्देशन दिए । मेयर क्षेत्रीको प्रयासमा सुत्केरी गराउन आउने महिलाहरूको स्वास्थ्यलाई बिशेष प्रथमिकता राख्दै श्रावण महिनाको तेस्रो साता बर्दिवास नगरपालिकाले खयर मारा बर्थिङ्ग सेन्टरलाई एक थान एम्बुलेन्स प्रदान गरेको थियो ।

### यज्ञ कुमारी राउतको घरमा आगलागी

बर्दिवास नगरपालिका १० खयरमारा स्थित यज्ञ कुमारी राउतको काठको दुईतल्ले घर मा शुक्रवार साझ आगलागी हुँदा चालिस लाख बराबरको क्षती भएको छ । क्षतिग्रस्त सो घरको आईतवार बर्दिवास नगर पालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले अनुगमन गरेका छन । अनुगमनको क्रममा उनले नगर बासीको पिडामा मलम लगाउनु नगर प्रमुखको दायित्व भएकोले नगरपालिकाले सकेको सहयोग गर्ने प्रतिबद्धता जनाएका छन । अचानक बिधुत सर्ट भई आगलागी भएको सो घर पुर्णरुपमा क्षतिग्रस्त भएको हो । आगलागीबाट सुन, चाँदी लत्ताकपडा पलङ्ग,दराज फ्रिज, रुपैया पैसा खाद्य सामग्री लगायत घर भित्रको सम्पुर्ण सामान पुर्ण रुपमा जलेर नष्ट भएको स्थानियबासीको भनाई छ । आगो स्थानियबसीको सहयोगमा निभाईएको बताईएको छ ।

### खयरमारा खानेपानी उपभोक्ता संस्था

महोत्तरीको बर्दिवास नगरपालिका वडा नम्बर १० र ११ स्थित खयर मारा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको शुक्रवार बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले अबलोकन गरेका छन । अबलोकनको क्रममा उनले खयरमारा बासीको खानेपानीको समस्या यथासिघ्र समाधान गरीने जनाए । खाने पानीको अत्याधिक समस्या रहेको यो स्थानमा पुरानो र जिर्ण पाईपलानबाट उपभोक्तले पानी पिईरहेका छन । जस्का कारण समस्या दिन प्रतिदिन बिकराल बन्दै गएको हो। खानेपानीलाई सहज र सुलभ रुपमा बितरण गर्न ४ लाख लिटरको ट्र्यांकी निर्माण भएपनी पाईपलाईन जिर्ण भईसकेकाले समस्याको समाधान हुन नसकेको संस्थाका अध्यक्ष पारस थापाले जानकारी दिए । उनले भने खाने पानीको ट्र्यांकी निर्माण भयो अब फिल्टर र पाईपलाईनको काम बिस्तार गर्नुपर्ने छ यति हुन सके खयरमाराका आठ सय घरधुरीको घर,घरमै १२ घन्टा पानी बितरण गर्न सकिन्छ। कुल ७ सय ७७ उपभोक्ता रहेको खयरमारा खाने पानी उपभोक्ता संस्थाबाट ६ हजार जनसंख्या लाभान्बित छन।



### खयरमारा र छोड्केको बिद्यालय अनुगमन

नगरपालिका क्षेत्र भित्रका सामुदायिक शिक्षाको स्तरोन्नतीका लागि विद्यालयको शैक्षिक गुणस्तर सुधारगर्न सबै जुट्नुपर्नेमा बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले जोड दिएका छन्। बिद्यालय अनुगमनका क्रममा बर्दिवास नगरपालिका १० ,११ खयरमारा र छोडके पुगेका उनले यस्तो बताएका हुन। अहिले सामुदायिक विद्यालयहरुले दिएको शिक्षा सन्तोषजनक नभएपनी सुधारमुखी बन्दै गएको उनले बताए । नगर सरकारले अनिवार्य शिक्षाको अवधारणा अघि बढाएको भन्दै सामुदायिक विद्यालयको स्तरोन्नतीका लागि आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने बताए ।

»» बाँकी पृष्ठ ४ मा

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# शेखरलाई अनुशासनमा राखौ

नेपाली कांग्रेसका नेताहरूले संस्थापनइतरका नेता डा. शेखर कोइरालालाई असन्तुष्टि भए पार्टी संयन्त्रमा राख्न र सार्वजनिक रुपमा नबोल्न सुझाव दिएका छन् । सोमबार बिहान बसेको कार्यसम्पादन समितिको बैठकमा पार्टीको औपचारिक फोरममा आफ्ना धारणा नराखेर सार्वजनिक रुपमा राखेको भन्दै नेताहरूले कोइरालाप्रति असन्तुष्टि व्यक्त गरे । मतभिन्नता भए पार्टी बैठकमा राख्नुपर्ने तर बाहिर बोल्न नहुने विचार नेताहरूले राखेका हुन् । 'व्यक्तिगत असन्तुष्टि, सन्तुष्टि भन्दा पनि पार्टी एक भएर जानुपर्छ। सन्तुष्टि असन्तुष्टिको विषय पार्टीको सम्बन्धित संयन्त्रमै छलफल गर्नुपर्दछ' बैठकमा उठेका विषयबारे जानकारी गराउँदै नेताहरुले भनेका छन् । 'असन्तुष्टिको विषय बाहिर राख्नु हुँदैन र संस्थागत तरिकाले नै मत राख्नुपर्छ ।' कांग्रेसभित्रको मतभिन्नता ठूलो रहेछ भन्ने समेत पर्ने गरी सार्वजनिक रुपमा बोल्न नहुने विषय नेताहरूले बैठकमा राखेर छलफल गरेका थिए। बैठकमा सहभागी एक नेताका अनुसार, कार्यसम्पादन समिति सदस्य जीपछिरिङ लामाले शेखरले बाहिर बोलेको विषयबारे असन्तुष्टि पोखेका थिए । लामासहित अन्य केही सदस्यले पनि शेखरबारे असन्तुष्टि राखेका थिए । यद्यपि शेखरले भने बैठकमा केही नबोलेको वताईन्छ । नेता कोइराला पक्षले १८ मंसिरमा कोशीका पालिका सभापतिहरू भेला गरेका थिए । सो विषय विवादित बनेपछि पार्टीभित्रबाटै विरोध पनि भएको थियो । लगत्तै, २२ मंसिरमा भएको पार्टीको प्रथम कोशी सम्मेलनमा मर्यादाक्रम असन्तुष्टि जनाउँदै नेता कोइरालाले कार्यक्रम बहिष्कार गरेका थिए। मञ्चमा सभापति शेरबहादुर देउवा पछिको मर्यादाक्रम आफूले पाउनुपर्ने कोइरालाको माग थियो। प्रदेश समितिले पार्टीको केन्द्रीय वरीयता अनुसार मर्यादाक्रम निर्धारण गरेको थियो। केन्द्रीय मर्यादाक्रममा उपसभापति पूर्णबहादुर खड्का दोस्रो स्थानमा छन् । सम्मेलन बहिष्कार गरेर त्यस दिन कोइराला चितवनमा आयोजित दुईवटा शोकसभामा सहभागी भएका थिए । नेपालको पुरानो पार्टिवाट नयाँ पार्टिहरुले धेरै अनुशासनका कुराहरु सिकेका हुन्छन् तर काग्रेश आफै अनुशासनमा नवस्ने हो भने अरु पार्टिहरुले कसरी लोकतान्त्रिक विधि अपनाउछन होला ? तसर्थ शेखर कोइरालाले पीर्ट विधि विपरीत वोलेको कुराहरुलाई अनुशासन समितिले छानविन गरी कार्वाही अगाडि वढाउन चुक्नु हुदैन ।

# कार्यकर्ताको मागमा बन्ने योजनाले समस्या

● टक नेपाल

विकास निर्माणका काममा धेरै बेथिति देखिन थालेको छ । संघीयता आउनुभन्दा अघि र पछिका पूर्वाधार विकासको चरण हेर्ने हो भने खासै फरक छैन । बेतिथि उस्तै छ । तीन तहका सरकार भइसकेपछि भौतिक पूर्वाधार विकासमा धेरै यो जना अगाडि बढाइएको छ । तर एउटा सरकारको पालामा अगाडि सारेका योजना अर्को सरकारले महत्त्व नदिएको देखिन्छ। समयमै योजना कार्यान्वयन तथा पूर्णता नदिएका कारणले ती योजना जसरी उत्पादकत्व र कनेक्टीभिटीसँग जोडिनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन । परिणामस्वरुप जनअपेक्षा अनुसार काम हुन सकेको छैन । सुदूरपश्चिम प्रदेशको तत्कालीन सरकारले ल्याएका गौरवका योजना त्यसको एक उदाहरण हो। ९ वटा सडक योजनालाई तत्कालीन सरकारले प्रदेशको गौरवको योजना भनेर अघि सार्‍यो । तर कार्यान्वयन तह हेर्ने हो भने वर्षौं बित्दा पनि ती सबै अधुरै छन् । गौरवका योजनाहरू छनोट गर्ने क्रममा स्रोत साधनको मात्रालाई हेरेर कति सम्भव छ ? कति सम्भव छैन ? कति समयावधि लाग्छ ? यस्ता कुरालाई ख्याल गर्नुपर्ने हो । यसको पूर्ण डीपीआर पनि हुनुपर्ने हो । यस्ता कुराहरूमा ध्यान दिएको देखिँदैन। सुदूरपश्चिम प्रदेशको तत्कालीन सरकारले गौरवका योजना भनेर सडकलाई मात्रै मानेको छ। पहाडी क्षेत्रमा स्वास्थ्य क्षेत्रको अवस्था त्यति नै दर्दनाक छ । स्वास्थ्य क्षेत्रको सुधारका योजनाहरू गौरवको योजना बन्नु पर्दैन ? यही कुराको सही पहिचान नहुँदा आमजनताले धेरै सास्ती खेप्नुपरेको छ। बाहिर गएर उपचार गराउनुपर्ने बाध्यता छ । हाम्रो पैसा पनि बाहिर गएको छ । शिक्षाको अवस्थामा पनि राम्रो छैन । यसमा सुधार भएको देखिँदैन ।

### विकासको मुख्य चुनौती नै अस्थिर सरकार

यहाँका सडकसहित भौतिक पूर्वाधार विकास निर्माणका योजनाहरूको गहन रूपमा वस्तुगत अध्ययन नै हुँदैन । त्यसलाई जसोतसो अगाडि बढाइन्छ तर त्यसको कार्यान्वयन

### विकासको संस्कार

प्रदेश सरकारहरूको स्थायित्व नै नहुनु पनि एउटा समस्या हो। यस्तो अवस्थामा विकास निर्माणको कामले गति लिन सक्दैन। सुदूरपश्चिम प्रदेश सरकारकै कुरा गर्नु पर्दा कति जना मुख्यमन्त्री र मन्त्रीहरू आए ? यसको प्रत्यक्ष असर विकास निर्माणमा पर्छ। विकासमा एक ढिक्का भएर जाने संस्कार पनि देखिएन।



पक्ष निकै फितलो छ । यहाँको नीति निर्माणको तहमा पनि जिम्मेवारी लिने, कार्यान्वयन गराउने र जिम्मेवारी तोक्ने कुरामा कहीँ न कहीँ कमजोरी छ। यहाँ आयोजनाहरू तोक्नुपर्दा सबैलाई पायक पर्ने, उत्पादनसँग जोड्नेभन्दा पनि नेता विशेषको पहुँचको भरमा छनोट गर्दा गौरवको योजनाहरूको काम सन्तोषजनक भएका छैनन् । अर्कोतिर साधन-स्रोत जुटाउन नसक्नु मुख्य समस्या हो । केन्द्रबाट आउने बजेट पनि पर्याप्त मात्रामा हुँदैन । प्रदेश सरकारले पनि आन्तरिक रूपमा हुने रेभिन्यू (आय)लाई सिर्जना गर्न सकिरहेको छैन । अरू कसैसँग बजेट खोजेर परिचालन गर्न सक्ने सामर्थ्य र पहल भएको पनि देखिएन । प्रदेश सरकारहरूको स्थायित्व नै नहुनु पनि एउटा समस्या हो । यस्तो अवस्थामा विकास निर्माणको कामले गति लिन सक्दैन । सुदूरपश्चिम प्रदेश सरकारकै कुरा गर्नु पर्दा कति जना मुख्यमन्त्री र मन्त्रीहरू आए ? कार्यकाल पूरा भएको हुँदैन, सरकार ढल्छ । अर्को सरकार बन्छ । यसको प्रत्यक्ष असर विकास निर्माणमा पर्छ। विकासमा एक ढिक्का भएर जाने संस्कार पनि देखिएन । विकास भनेको सबैको हो, सबैले मिलेर गर्नुपर्छ भन्ने भाव पनि हाम्रा जनप्रतिनिधिहरूमा कमै देखिन्छ। समस्या त केन्द्र सरकार र प्रदेश सरकारबिचमा पनि छ । समन्वयको अभाव छ। केन्द्रीकृत मानसिकता हाबी छ। आधिकार, दायराहरू नीति-नियमहरूमा स्पष्ट नहुँदा पनि समस्या छ । प्रदेश सरकारले आफ्नो अधिकार प्राप्त गरिसकेपछि पनि विकास निर्माणको कार्यमा प्रभावकारिता छैन। सेवा प्रवाहमा उस्तै समस्या छ । योजना अगाडि बढिसकेपछि सम्बन्धित निकायबाट हुने अनुगमनको पाटो फितलो छ । मुख्य कुरा, यहाँ स्पष्ट गाइडलाइन छैन। यदि कुनै पक्षले कुनै कार्य गर्न सकेन भने के गर्ने भनेर पोलिसी बनाउनुपर्ने हो । त्यो पनि बनाएको देखिएन। सबै पक्ष बिग्रेको कामको दोष एकले अर्कोलाई थुपार्न तम्सिन्छन् । त्यही भएर सम्बन्धित पक्षलाई प्रस्ट रूपमा मार्गनिर्देशन दियो भने सही ढङ्गले अगाडि बढ्ला कि भन्ने हो ।

### बनिसकेका योजनालाई निरन्तरता दिनुपर्छ

घाँटी हेरेर हाड लिनुपर्छ भन्ने हो । यो सबैलाई थाहा छ । प्रदेश सरकारसँग आफ्नो आय (रेभिन्यू) सिर्जनाको क्षमता निकै कम छ। त्यही अनुसार योजना बाँडफाँटको कुरा पनि आउँछ । तर सस्तो लोकप्रियताका लागि योजना बनाउनु भएन। पहिलेका योजना कस्तो थियो ? उपलब्धि के भयो ? सबै पक्षको अध्ययनपछि मात्रै योजना बनाउने हो । यहाँ त एउटा योजना पूरा भएको हुँदैन, त्यसलाई बिचमा छोडेर अर्को नयाँ योजना बनाउने र खर्च गर्ने कार्य पनि हुँदै आएको छ। जसले गर्दा एउटा पनि योजना पूरा नहुने अवस्था छ । मुख्य कुरा हाम्रो यहाँ रिसोर्स (स्रोत) सिर्जना गर्न क्षमता कम हुनु, त्यसमाथि यहाँ नेता कार्यकर्ताको माग तथा दबाबको आधारमा योजना छनोट तथा बजेट बाँडफाँट गर्दा समस्या भएको छ। योजना कार्यान्वयनमा समस्या आएको हो । प्रदेश सरकारले वर्षमा ६५ प्रतिशतभन्दा बढी बजेट खर्च नगरेको अवस्था छ। जसको मुख्यकारण सही ढंगले योजना निर्माण नहुनु हो। यो प्रवृत्ति हटाउन जरुरी छ। प्लान बेसमा काम नगर्दा समस्या आएको हो। प्लानिङ डिभिजनले पनि काम नगरिदिँदा समस्या हो। हाम्रो क्षमता पनि कमजोर हो। कर्मचारीतन्त्रमा पनि प्लानिङ गर्ने र टेबल वर्क गर्ने क्षमता कमजोर भयो। नेतृत्वहरूमा मूल्याङ्कन गर्ने क्षमता र दूरदर्शिताको अभाव भयो। उहाँहरूमा केवल लोकप्रिय कसरी हुने भन्नेमा चिन्ता देखियो। त्यहीकारण हाम्रा योजनाहरू ओझेलमा पर्न थालेका हुन् । प्रदेश गौरवका योजनाहरू जति छन्, ती सबै हाम्रा योजना हुन् । जसको पालामा अगाडि बढाए पनि पछिल्ला सरकारले तिनलाई पूरा गर्नुपर्छ, ताकि बजेट खेर नजाओस् । अब कनिका छरे झैँ बजेट तथा योजना नबनाएर क्षमताको आधारमा सही उत्पादन दिने तथा उपलब्धि देखिने बजेट निर्माण प्रक्रिया र योजना छनोटको प्रक्रियाको थालनी गरौँ । यसले नै सार्थक परिणाम दिन्छ र जनताले पनि विकासको अनुभूति गर्न सक्छन् ।

## बाल विवाह सामाजिक अपराध हो यसको अन्त्य गरौं ।





- बाल विवाह गर्दा कलिलो शरिरमा गर्भ रहन सक्छ र बच्चा पाउन नसकेर नानीको मृत्यु हुन सक्छ ।
- बच्चा पाए पनि जन्मेको बच्चा कम तौलको र रोगी हुनसक्छ । अपाङ्ग बच्चा जन्मने सम्भावना हुन्छ ।
- कलिलै उमेरमा गर्भ बस्दा आमा र बच्चा दुबै कमजोर हुने भएकोले रोगी हुन्छन् ।
- बालबालिकाहरू शिक्षाबाट बन्चित हुन्छन् । उनीहरूको भविष्य अन्धकारमय हुन्छ ।
- सानैमा बिहे हुने हुँदा धेरै बच्चा जन्मने सम्भावना हुन्छ । धेरै बच्चाको स्याहार सुसार तथा शिक्षाको लागि गाह्रो हुन्छ ।
- धेरै बच्चा हुनु गरिब हुनुको अर्को कारण हो ।
- दाईजोका कारण धेरै महिलाहरू घरको अपहेलनामा पर्ने र घर झगडा हुन्छ

गौशाला नगरपालिका
नगरपालिकाको कार्यालय
गौशाला, महोत्तरी






# महाकाली–एमसीसी–बीआरआईः ओली–देउवा सँगसँगै

नयाँ पुस्तालाई २०५२ सालतिर फर्काऊँ?। धेरैले २०५२ लाई देशमा माओवादी विद्रोह शुरू भएको वर्षका रूपमा लिने गर्छन्। तर फागुन १ गते जनयुद्ध शुरू हुनुअघि नै देशमा एउटा राष्ट्रघातमा दलहरूको दुई तिहाइ बहुमत देखाइएको थियोः २०५२ माघ २९ गते तदनुसार १९९६ फेब्रुअरी १२ मा भारतको नयाँ दिल्लीमा भएका महाकाली सम्झौता। त्यतिखेर नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा थिए भने भारतका प्रधानमन्त्री पीभी नरसिंह राव ।



**के थियो महाकाली सन्धि ?**

२०५१ सालमा मध्यावधि निर्वाचन भयो। निर्वाचनपछि नेकपा एमालेको अल्पमतको सरकार बन्यो। एमाले सरकार हुँदा भारतले 'शारदा ब्यारेज, टनकपुर बाँध र पञ्चेश्वर परियोजना' मिलाएर नयाँ मस्यौदामा सन्धिका लागि नेपाललाई पठाएको थियो। एमाले सरकारले भने महाकाली बेसिनमा बनेका र बन्ने आयोजना समेटेर एकीकृत विकास सन्धिको खाका बनाएका थियो । यो खाका अघि नबढ्दै छोटो समयमै एमालेको सरकार नौ महिनामै ढल्यो । २०५२ सालमा देउवा प्रधानमन्त्री भए । कांग्रेस, राप्रपा र नेपाल सद्भावना पार्टीको गठबन्धनमा बनेको सरकारले भारतले एमाले सरकारकै पालामा कोरेको मस्यौदामा 'शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजनासमेत महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि'मा २०५२ माघ १५ गते महाकाली सन्धिमा परराष्ट्रमन्त्री स्तरमा हस्ताक्षर भयो। डा. प्रकाशचन्द्र लोहनी र भारतीय विदेशमन्त्री प्रणव मुखर्जीले सन्धिमा हस्ताक्षर गरे। २०५२ माघ २९ गते महाकाली सन्धि प्रधानमन्त्री स्तरमा हस्ताक्षर भयो । महाकाली सन्धि नेपालको हितमा नभएको भन्दै शुरूकै दिनदेखि विरोध हुन थालेको थियो। तत्कालीन संयुक्त जनमोर्चाका तर्फबाट डा. बाबुराम भट्टराई र पम्फा भुसालले महाकाली सन्धि खारेजी माग गर्दै प्रधानमन्त्री देउवालाई माघ २२ गते ४० बुँदे ज्ञापनपत्र बुझाए। माघ २१ गते नै नेकपा माओवादीका अध्यक्ष प्रचण्डले महाकाली सन्धिविरुद्ध विज्ञप्ति जारी गरे। माघको अन्तिम साता महाकाली सन्धिमा हस्ताक्षरका लागि भारत पुगेका प्रधानमन्त्री देउवा स्वदेश नफर्कँदै नेकपा माओवादी जनयुद्धमा जाने निष्कर्षमा पुग्यो। जगजाहेर छ, फागुन १ गतेदेखि मुलुकमा जनयुद्ध शुरू भयो । सन्धिलाई वैधता दिन संसद्बाट पारित हुनुपर्ने संवैधानिक व्यवस्था थियो। दलहरूलाई उतिखेर माओवादी युद्धले आकार लिन्छ भन्ने लागेन, जसरी अहिले राष्ट्रिय स्वतन्त्र पार्टी मुलुकको चौथो शक्ति हुन्छ भन्ने धेरैले पत्याएका थिएनन्। २०५३ असोज ४ गते राति संसद्बाटै सन्धि पारित गरियो। सन्धिमा जोडिएको टनकपुर सम्झौता अर्थात् भारतले नेपालको सहमतिबिना टनकपुर बाँध निर्माण गरेर विद्युत् गृहको 'टेलरेस च्यानल' शारदा नहरमा मिसाउन खोजेको थियो। नेपालको विरोधपछि भारतले टेलरेस च्यानल शारदा बाँधमाथि मिसायो । २०४८ मंसिरमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले टनकपुर सम्झौता गरी बाँधको पूर्वी 'एफलक्स बन्ड' निर्माणका लागि ५७७ मिटर नेपाली भूमि भारतलाई उपलब्ध गराएर राष्ट्रघात भइसकेको थियो। नेपाल फर्केर कोइरालाले टनकपुर सम्झौता नभई समझदारी भन्दै ढाँटे। सर्वोच्च अदालतले २०४७ को संविधानको धारा १२६ अनुसार टनकपुर सम्झौता संसद्को दुई तिहाइ बहुमतबाट पारित भए मात्रै वैध हुने भनेपछि त्यतिखेरको प्रमुख प्रतिपक्षी एमालेले आन्दोलन चर्कायो। अहिले पनि संसद्मा उतिखेर नेकपा एमालेका महासचिव तथा सांसद मदनकुमार भण्डारीले गरेको राष्ट्रवादी सम्बोधनले धेरै नेपालीको शिर उँचो बनाउँछ । विडम्बना, पछि त्यही एमाले पार्टीकै समर्थनमा महाकाली सन्धि दुई तिहाइले पारित भयो। नेकपा एमाले र संयुक्त जनमोर्चाको विरोधले दुई तिहाइ नपुग्ने अवस्था रहँदा नेपाली कांग्रेसकै ३६ सांसदले विद्रोह गरे । त्यसपछि सरकारको नीति तथा कार्यक्रम पारित नभएर संसद् विघटन भई मध्यावधि निर्वाचन भएको थियो । त्यतिखेरको दुवै सदनमा रहेका २६० सांसदमध्ये महाकाली सन्धिका लागि भएको मतदानमा २२८ सांसद उपस्थित भए र तीमध्ये २२० सांसद पक्षमा उभिए। नेकपा एमालेका माधवकुमार नेपाल र केपी शर्मा ओली महाकाली सन्धिका पक्षमा उभिए। यो राष्ट्रघात हो भन्दै वामदेव गौतम, सीपी मैनालीसहित २६ एमाले सांसद मतदानमा सहभागी भएनन्। यही विषयलाई लिएर तत्कालीन नेकपा एमालेमा विभाजन आयो । टनकपुर सम्झौताविरुद्ध आन्दोलन छेडेका नेकपा एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारीको ओजपूर्ण र देशभक्तिपूर्ण अडानमा तुसारापात भयो। महाकाली सन्धि नहुँदै भण्डारीको रहस्यमयी दुर्घटनामा मृत्यु भयो। महाकाली सन्धिविरुद्धको अडानमा उभिनुपर्ने तत्कालीन एमाले अध्यक्ष मनमोहन अधिकारी बिरामी भएर काठमाडौँ महाराजगन्जस्थित शिक्षण अस्पतालमा उपचाररत थिए । यसरी नेपालका दलहरूको दुई तिहाइको समर्थनमा महाकाली सन्धि माथि पारेर भारत ९७ प्रतिशत पानीमा अग्राधिकारसहित आफ्नो स्वार्थमा सफल हुँदा तत्कालीन प्रधानमन्त्री देउवाले भनेका थिए, 'सबैको सहमतिले अगाडि बढ्दा राष्ट्रिय हितका लागि प्रयास गर्दा सुधारिन सकिने कमीकमजोरी मनुष्यबाट हुन्छन् ।' माधवकुमार नेपाल र केपी ओलीसहितको समर्थनमा राष्ट्रहितविरुद्ध महाकाली सन्धि गराउने पात्रका रूपमा देउवा २०५२ मै परिचित थिए। एमाले विभाजनपछि देउवा कांग्रेसमा बलियो हुँदै गए । महाकाली सम्झौतामा असहमति जनाउँदै वामदेव गौतम, सहाना प्रधान, सीपी मैनालीहरूले एमाले विभाजन गराएर माले बनाए। मनमोहन अधिकारी अस्पतालमा हुँदा महाकाली सन्धिका पक्षमा उभिन त्यतिखेरका पार्टी कार्यकारी (महासचिव माधवकुमार नेपाल) लाई बढी दबाब अहिलेका प्रधानमन्त्री ओलीले नै दिएको बताइन्थ्यो। सन्धिका पक्षमा नउभिए पार्टी विभाजनको चेतावनी दिने ओली नै थिए भनिन्छ । पार्टी अध्यक्षको अनुपस्थितिमा र पार्टी महासचिवको रहस्यमयी हत्याको चोटमा परिरहेको एमालेले हठात् कांग्रेसको अजेन्डामा किन हतारिएर हस्ताक्षर गरेको थियो? राष्ट्रघातको पहिलो सिलसिलामै एमाले-कांग्रेसको घाँटी जोडिएको विषय नयाँ पुस्तालाई पढाउन जरुरी छ, जहाँ देउवा र ओली दुवै एक ठाउँ थिए ।

**एमसीसीबारे चर्चा गरौँ**

अर्थ मन्त्रालय र अमेरिकी सरकारअन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बीच २०८० भदौ १३ गतेदेखि मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) पूर्ण रूपमा लागू हुने मिति तोकियो सोही भदौ ५ गते । यसलाई इन्ट्री इन टु फोर्स (इआइएफ) भनिन्छ। ६ वर्षअघि भएको सम्झौताअन्तर्गत विद्युत् प्रसारण लाइन र सडक निर्माणसम्बन्धी आयोजनाको काम २०८६ भदौ १२ गतेभित्र गरिसक्नु पर्ने सम्झौता थियो। सम्झौतामा हस्ताक्षर भएदेखि लागू हुने अवस्थासम्म आइपुग्न ६ वर्ष लाग्यो । २०७४ भदौ २९ (२०१७ सेप्टेम्बर १४) मा भएको सम्झौता २०७८ फागुन १५ गतेको संसद् बैठकबाट १२ बुँदे व्याख्यात्मक घोषणासहित अनुमोदन भएको थियो । एमसीए-नेपालअन्तर्गत बन्ने विद्युत् प्रसारण आयोजनाका लागि १ हजार ४७१ हेक्टर र नुवाकोटमा निर्माण गरिने रातमाटे सबस्टेसनका लागि करिब २० हेक्टर क्षेत्रफल जग्गा आवश्यक पर्ने थियो। प्रसारण लाइनमा पर्ने करिब ८५६ वटा विद्युत् प्रसारण टावर बनाउन १०४ हेक्टर जग्गा आवश्यक पर्नेछ भने भोगाधिकार क्षेत्रअन्तर्गत १ हजार ३४७ हेक्टर जग्गा छ । शुरूआती सम्झौतामा एमसीसी परियोजनाका लागि ६३ करोड अमेरिकी डलरबराबर लागत अनुमान गरिएको थियो। ५० करोड अमेरिकी डलर एमसीसी अनुदान र १३ करोड अमेरिकी डलर नेपाल सरकारले बेहोर्ने सम्झौता थियो तर २०८० जेठ ९ गतेको मन्त्रिपरिषद् बैठकले 'नेपाल र एमसीसीबीच सम्पन्न सम्झौता संशोधन गरी नेपाल सरकारको योगदान वृद्धि गर्न स्वीकृति दिने' निर्णय गरेपछि लागत बढेको हो। मन्त्रिपरिषद्को निर्णयपछि नेपाल सरकारले बेहोर्ने दायित्व ६ करोड ७० लाख अमेरिकी डलर थप भई १९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ । एमसीसीबारे सत्तारुढ दलका नेताहरू नै विभाजित थिए। नेपालका लागि हानी र चीनविरुद्ध अभ्यास गर्ने अमेरिकी थलो भनेरसमेत कम्युनिस्ट पार्टीभित्रै यसबारे निकै रस्साकस्सी चल्यो। कतिपयले अमेरिकी सेना नै नेपाल भित्रिने भने। अमेरिकाको इन्डोप्यासेफिक र चीनको बीआरआई परियोजना दुई शक्तिको प्रभुत्व जमाउने रणनीति नेपाल छिरेको भनेर धेरैले बहस गरे। सन् २००४ मा स्थापित अमेरिकी सहयोग सम्बन्धी संस्था हो मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)। तत्कालीन राष्ट्रपति जर्ज बुसले यो कार्यक्रम सन् २००२ मा घोषणा गरे पनि अमेरिकी कंग्रेसले २००४ मा मात्र स्थापना अनुमति दियो । आर्थिक विकासमार्फत गरिबी न्यूनीकरणको मुख्य उद्देश्य भनिएको एमसीसीमा २०७६ असार ३० गते अर्थ मन्त्रालयले सम्झौता अनुमोदनका लागि संसद्मा दर्ता गरेपछि बहसमा आएको हो। एमसीसीले तत्कालीन नेकपाभित्रै पक्ष र विपक्षको भुसको आगो सल्कायो। तत्कालीन नेकपा अध्यक्ष ओलीले यसको चर्को विरोध पनि गरे। माओवादी र कांग्रेसको सरकारले सम्झौता गरेको भने। पछि व्याख्यात्मक टिप्पणीसहित यसमा पनि सहमति भयो। अर्थात् एमसीसीले नेपालको हित गर्दैन भनेर कम्युनिस्ट पार्टीभित्रै बहस भइरहँदा फेरि एमसीसी पारित भयो। यतिखेर पनि प्रधानमन्त्री ओली थिए, एमसीसी पारित गरौँ भन्ने देउवा थिए । २०५२ माघमा ओलीकै दबाबमा महाकाली सन्धिमा एमाले भासिएझैँ एमसीसीमा ओलीको प्रस्तावमा कांग्रेस पनि सहमति जनाउन आइपुग्यो। विदेशी सम्झौता र अनुदानमा दलहरू कसरी अन्तिममा मिल्छन् भन्ने दृष्टान्त महाकालीदेखि एमसीसीसम्म देखिएको मात्र थिएन, दशक फरक भए पनि मूल पात्र उनै देउवा र ओली नै थिए ।

**अब बीआरआईमा जोडियौँ**

'बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) चीन सरकारले प्रस्तुत गरेको अत्यन्त महत्त्वाकांक्षी विकास रणनीति हो । सन् २०१३ को सेप्टेम्बरमा कजाकस्तानस्थित नाजार्बाएव विश्वविद्यालयमा सम्बोधन क्रममा चिनियाँ राष्ट्रपति सि चिनफिङले 'सिल्क रोड इकोनोमिक बेल्ट' निर्माण गर्ने प्रस्ताव गरेका थिए। बीआरआईमा उल्लिखित 'रोड'ले समुद्री मार्ग समेटेर 'बेल्ट' ले स्थलमार्ग जोड्ने कुरा गर्छ । यस चिनियाँ योजनाले चीनको पश्चिमी भागलाई मध्य एशिया, रुस, युरोप, भूमध्य सागर, अरब सागर, दक्षिणपूर्वी एशिया, दक्षिण एशिया र हिन्द महासागरसँग जोड्ने अनि 'रोड'ले समुद्री मार्गद्वारा चीनलाई युरोप र अफ्रिकासँग जोड्ने सपना हो। बीआरआईले ६५ देश, ४.४ अर्ब जनसंख्या र संसारको कुल गार्हस्थ्य उत्पादनको एक तिहाइ हिस्सा ओगट्ने योजना छ । बीआरआईको धेरैजसो लगानी चाइना डेभेलपमेन्ट बैंक, एक्सपोर्ट-इम्पोर्ट बैंक, सिल्क रोड फन्ड, एशियन इन्फ्रास्ट्रक्चर बैंकजस्ता चिनियाँ कोषबाट हुने बताइएको छ। झन्डै पाँच दर्जन चिनियाँ कम्पनीले बीआरआईका करिब एक हजार ८०० परियोजनामा लगानी गरिसकेका छन् । चीनको यो महत्त्वाकांक्षी परियोजनाले पश्चिमा शक्ति र तिनको नेतृत्वमा रहेको विश्व तथा क्षेत्रीय व्यवस्था विस्थापित हुने भय केहीलाई छ । बीआरआई परियोजना चीनले विश्व शक्ति बन्ने साधनका रूपमा विकास गरेको एउटा माध्यम हो। विश्व विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले भन्दा बढी लगानी गरेकाले चीनको प्रभुत्व बढ्ने भन्दै नेपालले यस्तो परियोजना नलिए हुन्थ्यो भन्नेहरू पनि छन्। कतिपयले लिनु आवश्यक भएको ठान्छन्। खासगरी पोखरा विमानस्थलमा लगानी भएको चीनको २५ अर्ब रुपैयाँलाई ऋणबाट अनुदानमा बदल्न कांग्रेसको दबाब छ। प्रधानमन्त्री ओली मंसिर १७ गते चीन गएर राष्ट्रपति, प्रधानमन्त्री भेटेर आए। 'बीआरआई फ्रेमवर्क'मा सहमति गरेर आए। यसमा शुक्रबारसम्म कांग्रेस सभापति देउवा भनिरहेका छन्, 'प्रधानमन्त्रीबाट कुनै त्रुटि भएको छैन।' तर यसले कांग्रेसभित्रै असन्तुष्टि बढाएको देखिन्छ। बीआरआईको नाम नै उच्चारण हुने छैन भन्ने कांग्रेससँग सहमति गरेर चीन गएका प्रधानमन्त्रीले फ्रेमवर्कका नाममा गरेको सम्झौताले नेपालमा दर्जनका हाराहारीमा चिनियाँ परियोजना भित्रने देखिन्छ । यसले कांग्रेस नै बढी असन्तुष्ट देखिएको छ। यद्यपि, एमसीसीदेखि बीआरआईसम्ममा देउवा र ओलीको एउटै बोली भएको कुराचाहिँ नयाँ पुस्तालाई स्मरण गराउनु पर्छ। नौ अर्ब रुपैयाँको चिनियाँ अनुदान पनि लिन हुन्न र पोखरा विमानस्थलको 'अनुदान ऋण'लाई सहायतामा बदल्नु पर्छ भन्ने कांग्रेसका पार्टी सभापतिको यस पटकको टोन बदलिएको छ। महाकाली र एमसीसीमा ओलीको साथ पाएका देउवा बीआरआईमा ओलीलाई साथ दिइरहेका छन् । कुनै सम्झौता गलत थियो या राजनीतिक सहमतिबेगर भएका राष्ट्रघातमा पनि संसद्मा कसरी दुई तिहाइसम्मको खेलमा दलहरू अन्त्यमा मिल्छन् भन्ने उदाहरण महाकाली र एमसीसीमा सबैको मिलीभगतले पुष्टि गरेको छ। अझ देउवा र ओलीको एउटै स्वरमा दलभित्रका नयाँ पुस्ता किन विरोधको स्वर उराल्न सक्दैनन् र चुपचाप तिनको अजेन्डामा आफ्नो पालो कुरिरहेका छन्? नयाँ पुस्ता पनि 'मौनतामा सत्ता मिल्छ' भन्नेतिर पो विश्वस्त भएका हुन् कि?


## साईवर अपराधबाट जोगिऔं !!!

**कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा यी कुराहरु ध्यान दिनुहोस् ।**

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं । अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

**बर्दिबास नगरपालिका**
बर्दिबास, महोत्तरी, मधेश प्रदेश

# एनपिएलमा जुवा खेलाउने कम्पनीको प्रचार गरेकोबारे क्यानलाई राखेपको पत्र, अध्यक्ष भन्छन् 'पारसलाई दिएको छु'

● टक नेपाल

नेपाल प्रिमियर लिगको आयोजक क्रिकेट एशोसियन अफ नेपाल (क्यान) र तीन फ्रेन्चाइज टिमले त्रिवि क्रिकेट मैदानमा गरिरहेको अनलाइन जुवा र सट्टा खेलाउने कम्पनीको प्रचारबारे राष्ट्रिय खेलकुद परिषद्ले पत्र पठाएको छ । प्रहरी, गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय हुँदै जिल्ला प्रशासन कार्यालय, र राखेपमा एनपिएलको मैदानमा अनलाइन जुवा खेलाउने कम्पनीको प्रचार सामाग्री राखेकोबारे पत्र पुगेको हो । टियू मैदानमा भइरहेको एनपिएलको प्रायोजकमध्येको वुल्फत्रिपलसेभेनन्यूज अनलाइन जुवा खेलाउने र सट्टा गराउने वुल्फत्रिपलसेभेनको सरोगेट कम्पनी रहेको प्रमाणित भइसकेको छ। तर एनपिएल आयोजक समितिका अध्यक्ष पारस खड्का भने जुवाको प्रवर्धनमै केन्द्रित देखिएका छन् । एनपिएलको मैदानमा नेपालको कानुनले प्रतिबन्ध लगाएको अनलाइन जुवाको प्रचार भएकोबारे नेपाल क्रिकेट सङ्घ (क्यान) लाई पत्र पठाएको तर त्यताबाट जवाफ नआएको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्ले बताए । 'हामीले क्यानलाई पत्र पठाइसकेका छौँ। नेपाल प्रहरीले यो विषयमा अध्ययन थालेको छ । अनुसन्धानको गहिराइमा पुग्ने क्षेत्राधिकार निकाय प्रहरी हो' उनले भने, 'तर हाम्रो मातहतको हिसाबले नेपालको कानुन विपरीत गरेको कुरालाई ध्यानाकर्षण गराउने, जवाफ माग गर्ने, कानुन विपरीत नगर्न निर्देशन गर्ने काम हाम्रो तर्फबाट भएको छ। कानुन विपरीत गएको छ, त्यो कसलाई छुट होला र?' लिगको मैदानदेखि स्कोर बोर्ड सम्म क्यानले वुल्फत्रिपलसेभेनको सरोगेट कम्पनी र सहभागी आठ टिम मध्ये लुम्बिनी लायन्स, विराटनगर र सुदूरपश्चिमले समेत जर्सीमा जुवा खेलाउने कम्पनीको सरोगेट नामको प्रयोग भइरहेको छ । पत्रको विषयमा क्यानसँग बुझ्दा पत्र आएको र सचिव पारस खड्कालाई पत्रको जिम्मेवारी दिएको क्यान अध्यक्ष चतुर बहादुर चन्दले बताए । 'पत्र आएको छ तर जवाफ पठाएको छैन। मैले क्यान सचिव पारस खड्कालाई पठाएको थिए। उतै बुझ्नु न। म अहिले काठमाडौँ बाहिर आएको छु' उनले भने । क्यान अध्यक्ष चन्दले वुल्फत्रिपलसेभेनन्युज अनलाइन जुवा खेलाउने वुल्फत्रिपलसेभेनको सरोगेट कम्पनी भएको बारे आफूलाई जानकारी नभएको तर्क गरे । उकेराकर्मीले एनपिएलको मैदानबाट जुवा खेलाउने कम्पनीको सरोगेट कम्पनीको प्रचार किन गरेको भनेर क्यानका अध्यक्ष चन्दलाई प्रश्न गरेको थियो । उनले भने 'वुल्फत्रिपलसेभेन जुवा खेलाउने कम्पनी हो र ? वुल्फत्रिपलसेभेनले जुवा पो खेलाउँछ?'। पत्रबारे जानकारी लिन एनपिएल आयोजक समितिका प्रमुख तथा क्यानका सचिव खड्कालाई पटक-पटक फोन गर्दा उनले फोन उठाएनन् । एनपिएलको स्पन्सरको रूपमा नेपालमा प्रतिबन्धित अनलाइन जुवा र सट्टा खेलाउने कम्पनी भित्र्याएर खड्काले मैदानमा प्रचार गराएकोबारे उकेराले एनपिएल सुरु भएदेखि नै निरन्तर प्रमाणसहित समाचार प्रकाशित गरिरहेको छ। प्रहरीले स्थलगत अनुगमन गरी एनपिएलको मैदानबाट अनलाइन जुवाको प्रचार भएको प्रतिवेदन समेत बुझाइसकेको छ। उपत्यकामा हुने गम्भीर प्रकृतिको अपराधको अनुसन्धान गर्ने निकाय काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले गत सोमबार र मङ्गलवार टीयू क्रिकेट मैदानमा गएर क्यानले अनलाइन जुवाको प्रवर्धन गरेको निष्कर्ष निकाल्दै क्यान पदाधिकारीहरूसँग छलफल समेत गरेको थियो। तर सचिव खड्का भने मैदानमा जुवा खेलाउने कम्पनीको विज्ञापन राख्न अडिग देखिएका छन् । प्रहरीले नेपालको कानुनले प्रतिबन्ध लगाएको विषय नेपालमा भएको खेलमा प्रयोग हुन नसक्ने भन्दै तत्काल मैदानबाट वुल्फत्रिपलसेभेनको विज्ञापन हटाउन आग्रह गर्दा क्यान सचिव खड्काले 'प्रहरी प्रधान कार्यालयबाट पत्र आए हटाउँला' भन्ने जवाफ दिएका थिए । क्यानले एनपिएलको मैदानमा गैर कानुनी काम गरिरहेकोबारे प्रहरी प्रधान कार्यालयले गृह मन्त्रालयमा पत्र पठाएको थियो। गृहले सोही अनुसार जिल्ला प्रशासन कार्यालय, खेलकुद मन्त्रालयमा पत्र पठाएको थियो । क्यानले एनपिएलमा ल्याउनु भन्दा अघि नै २०८१ असार २३ मा नेपालमा वुल्फत्रिपलसेभेनका एजेन्टहरू पक्राउ परेका थिए । वुल्फत्रिपलसेभेनको एजेन्ट बनेर जुवा खेलाएको आरोपमा नेपाली र भारतीय नागरिक पक्राउ परेका थिए । जसमा नितेश हरिजन, आकाश मिश्र, प्रतीक बस्याल, रामु गिरी, सजल श्रेष्ठ र अभिषेक जैसवाललाई पक्राउ गरेको थियो। तर अनुसन्धान सकिँदासम्म विजय जैसवाल,रविन प्रसाद कानु र दुर्गाराज क्षेष्ठ पक्राउ परेका थिएनन्। उनीहरूलाई फरार प्रतिवादीको रूपमा असार २२ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर भएको थियो। तर पक्राउ आरोपीहरू असार २५ मा धरौटीमा मुक्त भएका थिए ।

**जुवा सम्बन्धी के छ कानुनी व्यवस्था ?**

नेपालको 'जुवा ऐन २०२०' अनुसार जुवा भन्नाले सम्पत्ति हार्ने वा जित्ने गरी कुनै संयोग आधारमा बाजी थापी खेलेको कुनै खेल सम्झनुपर्ने भनिएको छ । तर, नेपाल सरकारको अनुमति लिई आयोजना गरिएको कुनै सार्वजनिक चिट्ठा र मनोरञ्जनको लागि कुनै सार्वजनिक मेला वा प्रदर्शनीमा खेलिएको खेललाई नजनाउने उल्लेख गरिएको छ । 'मुलुकी अपराध संहिता २०७४'को दफा १२५ मा पनि 'जुवा खेल्न नहुने वा सट्टाबाजी गर्न नहुने' प्रावधान छ। जसको उपदफा ४ मा सट्टाबाजी गर्नु वा गराउन नहुने भनिएको छ। त्यसलाई थप प्रस्ट पार्दै उपदफा ५ मा 'कसैले कानुन बमोजिम खेल्न खेलाउन नहुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थापेमा सट्टाबाजीको कसुर गरेको मानिने' उल्लेख छ । वुल्फत्रिपलसेभेनन्यूजले नेपालमा जुवा प्रचार गर्न वास्तविक कम्पनीको नाम प्रयोग नगरी सरोगेट कम्पनीको प्रयोग गरेर गैर कानुनी काम गरिरहेको पुष्टि हुन्छ। अनि क्यानदेखि सहभागी टिमले पनि सरोगेट कम्पनी त हो नि भनेर जुवा प्रवर्धन गरिरहेको देखिन्छ ।

# दुर्गम क्षेत्रमा मेयरको दृष्टि......

उनले सामुदायिक विद्यालयले अहिले भएका विद्यार्थीलाई नै योग्य र समाजमा प्रतिष्ठित बनाउनु ठूलो जिम्मेवारी भएको बताए। मेयर क्षेत्रीले नीतिगत रुपमा के के सुधार गर्नुपर्ने हो त्यसका लागि नगर तयार रहेको पनि स्पष्ट पारे। निजी क्षेत्रले खोलेका शैक्षिक संस्थालाई अंकुश लगाउनेभन्दा पनि सामुदायिक विद्यालयको गुणस्तर सुधारमा जोड दिनुपर्ने उनको भनाई छ। सामुदायिक विद्यालयले दिने गुणस्तरीय शिक्षाले निजी संस्थामा अध्यनरत विद्यार्थी पनि सामुदायिक विद्यालयतिर आकर्षित हुने वातावरण सिर्जना गर्न उनले बिद्यालयका प्रधानाध्यापकलाई निर्देशन दिए । मेयर क्षेत्रीले शिक्षकले कक्षाकोठामा शिक्षण सामग्रीसहित अध्यापन गराउने वातावरण बन्नेबित्तिकै सिकाई प्रभावकारी हुने दाबी गरे। अनुगमनकै क्रममा खयरमारा र छोड्केका समुदायिक बिद्यालयहरुले भबन घेराबेरा शौचालय शिक्षक मिलान लगायतको मागलाई मेयर क्षेत्रीले समाधान गर्ने आश्वासन दिए ।

**खयरमारा,मरीन मदन भण्डारी राजमार्ग जोडने सडक**

खयरमाराको सिटिई भिटीई चोकदेखी चनौटे दमार हुँदै सिन्धुलीको मरीन जोड्ने सडक निर्माणको कामले गति लिएको छ । खयरमारालाई मदन भण्डारी राष्ट्रिय राजमार्गसंग जोडने उदेश्यले सडक निर्माणको काम धमाधम भइरहेको हो। सडक सम्झौताको ९ किलोमिटर ६ सय मिटर मध्ये अहिले २५ प्रतिशत ट्रयाक खोल्ने काम भइसकेको सडक दुई लेनको बन्ने छ। अहिले औसत चार मिटर चौडाइ रहेको सो सडकखण्ड निर्माणको लागि श्री जयबाबा गोरख बालकोट सिन्धुली र बानेश्वर जेभी काठमांडौ १० ले २१ करोड १७ लाख ६१ हजार ६ सय ४५ रुपियाँ ९६ पैसामा पुर्वाधार बिकास निर्देशनालय जनकपुरधामसंग सम्झौता गरेर काम गरीरहेको छ। २०८१ जेठ २ गते ठेक्का सम्झौता गरेको सो सडकको निर्माण २०८३ जेठ १ गते सम्पन्न गरी सक्नु पर्नेछ। सडक निर्माणको काम पुरा भई सञ्चालनमा आएपछी खयरमारा चनौटे,धार्के, सुकेडाँडा, रायदमार लगायतका स्थानमा उत्पादन भएका तरकारी,फलफुल जडिबुटी काठमांडौ, सिन्धुली निर्यात गर्न सकिने खयरमाराका स्थानिय अर्जुन बस्नेतको भनाई छ। सो बाटो सञ्चालनमा आएपछी मधेश प्रदेशकै पर्यटकिय स्थलको मुख्य गन्तब्य बन्नसक्ने बर्दिवास नगर पालिकाका मेयर प्रह्लाकुमार क्षेत्रीको अपेक्षा रहेको छ ।

# एसिया र विश्वकप यो हातले ......

**तपाईं ग्रामीण परिवेशको सामान्य किसान परिवारमा जन्मनुभएकी महिला। क्रिकेटमा कसरी जोडिनुभयो ?**

हो, तपाईंले भन्नु भएजस्तै म ग्रामीण परिवेशको सामान्य किसान परिवारमै जन्मिएकी हुँ । यहाँको खेतीपातीले घर धान्न धौधौ परेपछि मेरा पिता रञ्जित महतो परिवारसहित कामको खोजीमा भारतको दिल्ली पुग्नुभयो। हामी तीन दिदीबहिनी र एउटा भाइ त्यहीं (दिल्ली) बस्न थाल्यौँ। मेरी कान्छी बहिनी आरती र भाइ कृष्ण दिल्लीकै एकेडेमीमा क्रिकेट सिक्थे । म उनीहरुलाई पुऱ्याउन जान्थे । त्यहीँ प्रशिक्षकले खै ममा के देख्नुभएर हो, मलाई पनि खेलाउन थाल्नुभयो। मैले चार वर्षदेखि खेलको अभ्यास थालेकी हुँ । केही समयपछि भाइ एउटा खेलमा सहभागी हुन नेपाल आए। उनको नेपाल क्रिकेट सङ्घ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंहसँग भेट भएछ । भेटमा भाइले 'मेरी दिदी पूजा पनि राम्रो खेल्नुहुन्छ, उहाँलाई टिममा राख्नु न' भनेछन् । भाइ दिल्ली फर्केर मेरो खेलका तस्बिर र भिडियोहरु उपाध्यक्ष सिंहलाई पठाउँदा रहेछन् । मेरो खेल भिडियो र तस्बिरमा हेर्नु भएका उपाध्यक्ष सिंहले मलाई नेपाल झिकाएर खेलाउने निर्णय लिएर मेरा पिताजीसँग समन्वय गर्नु भएअनुसार म काठमाडौ पुगेँ । उपाध्यक्ष सिंहको पितृवत् कुशल अभिभावकत्व पाएँ। उहाँकै निर्देशन पालना गर्दै अघि बढ्दै जाँदा जिल्ला, प्रदेश हुँदै अहिले देशकै यू-१९ नेपाली महिला क्रिकेट टोलीको कप्तान बन्न सकेको छु । जे उपलब्धि देखिएको छ, पाइएको छ, त्यो क्यान र हाम्रो टोलीको साझा मेहनतको प्रतिफल हो।

**अब के योजनामा हुनुहुन्छ ?**

ल, यो पनि भन्नुपर्छ र ! अब केही सातामै (नोभेम्बर मध्यमा)मलेसियामा एसियाकप प्रतियोगिता हुँदैछ । लगत्तै एक महिनापछि डिसेम्बरमा विश्वकप हुँदैछ । अब अहिलेको सपना भन्नुस्, ध्येय वा लक्ष्य भन्नोस्, यी दुवै प्रतियोगितामा सफलता हात पार्नु हो । मलेसियामा आयोजना हुने यी दुवै प्रतियोगिता जित्नु अहिले हाम्रो टोलीको एकमात्र अर्जुनदृष्टि हो ।

**अन्त्यमा केही भन्नुहुन्छ कि ?**

हजुर, मधेसमा प्रदेश सरकारले केही वर्षअघिदेखि 'बेटी पढाउ, बेटी बचाउ' अभियान सञ्चालन गरेको छ। अब 'बेटी खेलाउ' पनि भन्न पऱ्यो भन्ने मेरो आग्रह छ । खेलले किशोर र युवा उमेरका हाम्रा दिदीबहिनीको शारीरिक सुगठन मजबुत हुनुको साथै घरबाहिरका गतिविधिमा सक्रियता बढाउँछ । अनुशासन सिकाउँछ । मनभित्रको दुर्बलता हटाउँछ। यसपालिको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान पनि अहिले जारी छ। खेलमा बढीभन्दा बढी महिला सहभागिताले लैङ्गिक विभेदविरुद्धको अभियानलाई पनि सघाउँछ भन्ने मेरो विश्वास छ ।

-रासस

विज्ञापनका लागि सम्पर्क गर्नुहोस
विनोद ढुङ्गेल
९८५४०४०५६४
Contact for Advertising
9863321014,9807821014
talknepalnationaldaily@gmail.com




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान संपादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com